# गुल्मीदरबार गाउँपालिका

## स्थानीय राजपत्र

खण्ड : ४ संख्या :२६ चैत्र २१, २०८१

### भाग-३

### <u>सूचना</u>

गुल्मीदरबार गाउँपालिका गाउँ कार्यपालिकाको मिति २०८१/१२/२० गते बसेको गाउँ कार्यपालिका बैठकबाट भएका निर्णयहरुको यो सूचना प्रकाशन गरिएको छ।

| सि.नं. | निर्णय |
|---|---|
| १ | यस भन्दा अगाडी कार्यपालिका बैठकबाट भएका निर्णयहरुको कार्यान्वयनको अवस्थाको छलफल तथा समिक्षा गरियो । निर्णय कार्यान्वयनको अवस्था सन्तोष जनक पाइयो । |
| २ | गुल्मीदरबार गाउँपालिका गाउँ कार्यपालिकाको प्रशासकीय भवन निर्माणको लागि गुल्मीदरबार गाउँपालिका वडा नं. ३ को म्यालपोखरीमा रहेको श्री म्यालपोखरी मा.वि.को १० कोठाको पुरानो भवन सहित सोहि भवनबाट ११० फिट जग्गा उपलब्ध गराउने श्री म्यालपोखरी मा.वि.को विद्यालय व्यवस्थापन समितिको मिति२०८१/१२/०४ निर्णय र श्री म्यालपोखरी मा.वि.को च.नं.३० मिति २०८१/१२/१४ को पत्र बमोजिम जग्गा उपलब्ध गराउने निर्णिय गरेको हुँदा सोहि ठाउँमा गाउँपालिकाको प्रशासकीय भवन निर्माण गर्नको लागि प्रकृया अगाडी बढाउने निर्णय गरियो । |
| ३ | गुल्मीदरबार गाउँपालिकाको प्रशासकीय भवन निर्माणका लागि DPR तयारको लागि प्रकृया अगाडी बढाई प्राशासकीय भवन खर्च शिर्षकबाट भुक्तानी गर्ने निर्णय गरियो । |
| ४ | वीरबास स्वास्थ्य चौकी भवन निर्माणको जिम्मा पाएको श्रेष्ठ कन्स्ट्रक्सनको रनिङ्गबिल वापतका रकम भुक्तानी माग भएकोमा प्राप्त माग बमोजिमको रकम रु.३३,६१,६३५।भुक्तानी गर्ने निर्णय गरियो । |
| ५ | बिके ओआइ अर्जुन न्यू लिजा जे भीको रकम भुक्तानी सम्बन्धी निवेदन माथि छलफल गरि जानकारी लिइयो । रकम भुक्तानीको लागि आवश्यक पहल गर्ने निर्णय गरियो । |
| ६ | गुल्मीदरबार गाउँपालिका वडा नं. ५ मा रहेको खिल्याङ्ग खानेपानी योजनाको पहिरो सफा गर्दा खर्च भएको रकम ५८५००।– गा.पा. मर्मत संभार खर्च शिर्षकबाट भुक्तानी गर्ने निर्णय गरियो । |
| ७ | गुल्मीदरबार गाउँपालिका भित्रका पहिचान भएका ४११ गरीव परिवारलाई परिचय पत्र सबै वडामा नै वितरण गर्नका लागि आवश्यक पर्ने रु.५००००।– विविध कार्यक्रम खर्च शिर्षकबाट गर्ने व्यवस्था मिलाउने निर्णय गरियो । |
| ८ | गुल्मीदरबार गाउँपालिकामा रहेका ३७ जना अविवाहित नागरिकहरुलाई मासिक रु.१०००।– का दरले ६ महिनाको अविवाहित भत्ता उपलब्ध गराउने निर्णय गरियो । |
| ९ | सुरक्षित नागरिक आवास कार्यक्रम तपशिल बमोजिम वितरण गर्ने निर्णय गरियो ।<br>तपशिलः<br>वडा नं. / निवेदन पेश / छनौट संख्या<br>१ / ६ / ३<br>२ / १ / १<br>३ / ५ / २<br>४ / ७ / ३<br>५ / १ / १<br>६ / ७ / ३<br>७ / ३ / २<br>गाउँपालिकाबाट / / ३ |
| १० | आर्थिक विकास समितिको मिति २०८१/१२/ को निर्णय अनुमोदन गर्ने निर्णय गरियो । |
| ११ | गाउँ शिक्षा समितिको मिति २०८१/१२/१४ गतेको निर्णय अनुमोदन गर्ने निर्णय गरियो । |

| | |
|---|---|
| १२ | विविध निर्णयहरुः<br>➢ वडा नं. ३ को कार्यालय सहयोगी नैना थापा बिरामी भइ काम गर्न नसक्ने भएको हुँदा निजलाई आर्थिक सहयोग रु.५००००।–(पचास हजार) उपलब्ध गराउने ।<br>➢ गुल्मीदरबार गाउँपालिकाका प्रवक्ता<br>➢ शालिकराम टण्डन मिति २०८१/०५/०५ गते दाङ्गबाट फर्किने क्रममा गाउँपालिकाको गाडी दुर्घटना हुँदा घाइते भइ उपचार गर्दा प्रयोग भएको गाडी भाडा र औषधी उपचार खर्च गरि पेश भएको बिल भरपाई बमोजिमको रकम रु. ९१५८०।–औषधि उपचार खर्च शिर्षकबाट भुक्तानी गर्ने ।<br>➢ मुख्यमन्त्री नवप्रवर्तन कार्यक्रम अन्तर्गतकव कृषि यान्त्रीकरण कार्यक्रमको लागि ३० वटा मिनिटेलर र ३५ वटा कम्बाइन मिलको टेण्डरबाट खरिद प्रक्रिया अगाडी बढउने । |

आज्ञाले,

(भेषराज घिमिरे)

प्रमुख प्रशासकीय अधिकृत